वैठक नं. २४

आज मितिः २०८२।०५।२५ गते उच्च सरकारी वकील कार्यालय, नेपालगंजका कार्यालय प्रमुख सहन्यायाधिवक्ता श्री यदुनाथ शर्माको संयोजकत्वमा कर्मचारीको वैठक बसी देहाय बमोजिम निर्णय गरियो ।

<u>उपस्थिति र निर्णयः</u>

| क्र.स. | पद | नाम | हस्ताक्षर |
|---|---|---|---|
| १ | सहन्यायाधिवक्ता | यदुनाथ शर्मा | |
| २ | उपन्यायाधिवक्ता | कर्णबहादुर बुढा क्षेत्री | |
| ३ | उपन्यायाधिवक्ता | खुम बहादुर कुँवर | |
| ४. | सहायक न्यायाधिवक्ता | शिवराज पौडेल | |
| ५ | सहायक न्यायाधिवक्ता | सृजना आचार्य | |
| ६ | लेखापाल | संगम ठाडा | |
| ७ | नायव सुब्बा | रमा अर्याल | |
| ८ | नायव सुब्बा | पुर्णबहादुर कटुवाल | |
| ९ | नायव सुब्बा | सुवास सुनार | |
| १० | नायब सुब्बा | शोभाकर राना | |
| ११ | कम्प्युटर अपरेटर | टिकाराम थारु | |
| १२ | खरिदार | मिस्मा कुमारी कार्की | |
| १३ | खरिदार | अंकित कुमार पटेल | |
| १४ | स.कम्प्युटर अपरेटर | सुष्मा यरी | |
| १५ | ह.स.चा. | दलबहादुर खत्री | |
| १६ | कार्यालय सहयोगी | ईतवारी काँदु | |
| १७ | कार्यालय सहयोगी | धनिराम खटिक | |
| १८ | कार्यालय सहयोगी | नरेन्द्र प्रकाश चौधरी | |
| १९ | कार्यालय सहयोगी | बुधराम वर्मा | |
| २० | कार्यालय सहयोगी | रामकृष्ण चौधरी | |

छलफलका विषयहरू:

१. मिति २०८२।०५।२३ र २४ गते देशव्यापी रुपमा भएको जेन -जी पुस्ताको अगुवाईमा भएको आन्दोलनको क्रममा भएको आगजानी, तोडफोड, लुटपाटबाट भएको क्षति प्रति यस कार्यालयको तर्फबाट गहिरो दुःख व्यक्त गर्दछौं।

२. मिति २०८२।०१।०१ गते देखीको हाजिरी गरिएको हाजिरी रजिष्टर सो आन्दोलनको क्रममा जली नष्ट भएकोले नयाँ हाजिरी रजिष्टर खडा गर्ने निर्णय गरियो।

३. मिति २०८२।०५।२३ गते र २४ गते भएको आन्दोलनका क्रममा मिति २०८२।०५।२४ गते केही उत्सृङखल व्यक्तिहरू कार्यालय भवन तथा कार्यालय प्रमुखको निवासमा प्रवेश गरी भौतिक सम्पत्ति माथी आगो लगाउने तोडफोड गर्ने, समानहरू चोरी गरी लैजाने लगाएतका कार्य गरी यस कार्यालयको तथा कर्मचारीको व्यक्तिगत सम्पत्तिमापनि ठूलो क्षेति पुगेको छ। कार्यालयमा रहेका, प्रायः सम्पुर्ण मिसिल कागजात तथा रेकर्डहरू जली नष्ट भएका,स्कारपियो गाडी, कम्प्यूटर, ल्यापटप, प्रिन्टर, फोटोकपी मेसीन, स्कानर, एयर कण्डिसन, फ्रिज, वासिङ्ग मेसीन, ग्याँस, भाँडाकुडा, टि.भि. प्रोजेक्टर मेसिन, लत्ता कपडा लगाएतका सम्पत्ति चोरी भएका तोडफोड भएका तथा नास भएको हुँदा सो अनुसाको जानकारी सहितको विवरण श्री महान्यायाधिवक्ताको कार्यालयमा पठाउने र कार्यालयको अवस्थाका बारेमा कानूनी रूपमा मुचुल्का तयार गरी चोरी भएका सामान फिर्ता गराउने तथा उपयुक्त कारवाहीका लागी सम्बन्धित प्रहरी कार्यालयमा जानकारी गराउने विषयमा छलफल गरी सो अनुसार पत्राचार गर्ने निर्णय गरियो ।

४. कार्यालय तोडफोड तथा आगजनीबाट क्षेतिभएको संरचना मर्मत सम्भारका लागि जिल्ला स्थित सघन सहरी विकास तथा भवन निर्माण आयोजना कार्यालयमा अनुरोध गर्ने विषयमा छलफल गरी सो अनुसारको पत्राचार गर्ने निर्णय गरियो ।

५. कार्यालय भित्र जलेर नष्ट भएका तथा तोडफोड भएका सामान अलग गरी सरसफाइ गर्ने विषयमा छलफल गरी सो अनुसार गर्ने निर्णय गरियो ।